# दूधपोखरी गाउँपालिकाको गाउँसभामा

## गाउँपालिका उपाध्यक्ष कमल प्रसाद धिताल ज्यू द्वारा प्रस्तुत

## दूधपोखरी गाउँपालिकाको बजेट २०७७/०७८

दूधपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौंडा, लमजुङ
गण्डकी प्रदेश, नेपाल

गाउँसभाका आदरणीय अध्यक्षज्यू,
गाउँसभाका सदस्यज्यूहरु,

1. कोभिड-१९ नामको कोरोना भाइरसका कारण विश्वव्यापी महामारीले सिर्जना गरेको चुनौतीपूर्ण परिस्थति र बन्दाबन्दी बीच आज नेपालको संविधान बमोजिम गठित स्थानीय सरकारको तर्फबाट आर्थिक बर्ष २०७७/७८ को बजेट यस सम्मानित सभा समक्ष पेश गर्दछु।
2. यस महत्वपूर्ण अवसरमा म सर्वप्रथम राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन-आन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरु प्रति स्थानीय सरकारको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।
3. संघ, प्रदेश र स्थानीय तहवीचको सहकारिता, सहअस्तित्व र समन्वय लाई प्रवर्दन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गरी सिंहदरवार गाउँमै आएको अनुभूति जनतालाई दिनुपर्ने अवसर, दायित्व र चुनौती हामी मांझ आएको छ ।
4. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले यो वर्ष सम्म हासिल भएका उपलब्धिहरु संस्थागत गर्दै जनप्रतिनिधमूलक लोकतान्त्रिक पद्धतिबाट नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समतामूलक समाजको निर्माण गर्ने प्रणालीबाट निर्देशित हुँदै समाजवाद उन्मुख उदयमान गाउँपालिकाको रुपमा स्थापित गर्न यो बजेट केन्द्रित गरेको छु ।
5. बजेट तर्जुमा गर्दा मैले मूलत: नेपालको संविधान र कानूनहरु, नेपाल सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, विनियोजन विधेयक, २०७७ को सिद्धान्त र प्राथमिकता, गाउँपालिका निर्मित विविध कानुनहरु, गाउँकार्यपालिकाका निर्णयहरु तथा दीगो

विकास लक्ष्यलाई मुख्य आधार बनाएको छ । साथै, विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएकोछु ।

6. स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व वाँडफाँडलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै यस बजेटमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैर कर राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।
7. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु । साथै कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँट र विनियोजनमा देखिने दोहोरोपनलाई न्यूनीकरण गर्ने प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका वीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएकोछु ।

8. समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण, परिपूरक कानुन तर्जुमा, भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापन, आन्तरिक स्रोतको आधार विस्तार, उत्पादन र उत्पादकत्व बृद्धि, आयोजनाको प्राथमिकीकरण, असल शासन प्रवर्दन र अन्तरसरकारी समन्वय हाम्रो सरकारको प्रमुख चुनौती रहेका छन् ।

सभाका अध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

9. अव म आगामी आर्थिक वर्ष २०७७/७८ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्य निम्न अनुसार रहेका छन् :

1) कोरोना भाइरस रोगको रोकथाम,नियन्त्रण र उपचारको प्रभावकारी व्यवस्थापन गर्नु, संकटग्रस्त अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउनु,

2) जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु,

3) लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्नु,

4) कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु,

5) स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्नु,

6) स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु ।

10.आगामी आर्थिक वर्षको बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु।

1) कोभिड-१९ को महामारीबाट जनताको जीवन रक्षा गरी जनजीवनलाई सुरक्षित र सहज बनाई सुरक्षित राख्न क्वारेन्टिन एवं आइसोलेसन व्यवस्थापन, अत्यावश्यक औषधि, स्वास्थ्य सामग्री एवं उपकरणको उपलब्धता, परिक्षणको दायरा विस्तार र उपचारको व्यवस्था मिलाउने,
2) सडक तथा झोलुङ्गे पुल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविधुत, सञ्चार क्षेत्रको विकास मार्फत पूर्वाधार विकास,
3) कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास ,
4) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विकास मार्फत सामाजिक विकास,
5) वन, वातावरण तथा विपद् व्यवस्थापन, र
6) सुशासन तथा संस्थागत विकास

सभाका अध्यक्ष महोदय,

सभाका सदस्यज्यूहरु,

अव म चालु आर्थिक वर्ष २०७६/७७ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

11. चालु आर्थिक वर्षमा रु २४ लाख पचपन्न हजार पाँच सय राजस्व परिचालन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्त सम्म रु १२ लाख २६ हजार २ सय ४३ रुपैया राजस्व संकलन भएको छ । त्यसैगरी चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रु ५ करोड १६ लाख संघीय राजस्व वाँडफाँड बापत रु २ करोड ६४ लाख ५४ हजार ९ सय ८९ रुपैया प्राप्त भएको छ । त्यस्तै प्रदेश वित्तिय समानीकरण अनुदानवापत रु १ करोड २० लाख ६८ हजार आय प्राप्त भएको छ । प्रदेश राजस्व बाँडफाँड बाट प्राप्त हुने आय ज्येष्ठ मसान्त सम्म प्राप्त हुन आएको छैन ।
12. चालु आर्थिक वर्षको सशर्त अनुदान तर्फ रु ६ करोड ५८ लाख ५७ हजार रुपैया प्राप्त भएको छ। त्यस्तै सामाजिक सुरक्षा भत्ता बापत रु ३ करोड ६१ लाख ४ हजार ८ सय रुपैया प्राप्त भएको छ ।
13. चालु आर्थिक वर्षको ज्येष्ठ मसान्त सम्म चालु खर्च रु १० करोड ४९ लाख ३२ हजार ८ सय २२ रुपैया तथा पूँजीगत खर्च रु ३ करोड ८० लाख ११ हजार ५ सय २९ गरी जम्मा रु १४ करोड २९ लाख ४४ हजार ३ सय ५० रुपैया व्यय भएको छ । आर्थिक वर्ष २०७५/७६ को राजस्व र व्ययको यथार्थ विवरण , आर्थिक वर्ष २०७६/७७ को ज्येष्ठ मसान्त सम्मको आय तथा व्यय विवरण र आर्थिक वर्ष २०७७/७८ को अनुमानित आयव्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

सभाध्यक्ष महोदय,

सभाका सदस्य ज्यूहरु,

अब म क्षेत्रगत रुपमा आगामी वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**<u>सडक पूर्वाधार</u>**

14.भौगोलिक आवद्धता कायम गर्ने, कृषि तथा उद्योग व्यवसायको विकास गर्ने, जनजीवन सहज गर्ने र उच्च आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने गरी नयाँ सडक निर्माण तथा निर्माण सम्पन्न सडकको स्तरोन्नती कार्यका लागि उल्लेख्य रुपमा बजेट विनियोजन गरेको छु ।

15.**<u>खानेपानी तथा सरसफाई</u>**

16.आधारभुत खानेपानी नपुगेको गाउँवस्तीमा खानेपानी पुर्याउने कार्यक्रमलाई निरन्तरता दिएको छु । **"एक घर एक धारा"** कार्यक्रमलाई कार्यान्वयन गर्न दुधपोखरी वृहद खानेपानी योजनाको काम शुरुवात गर्नका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गरी यसै आ.व.मा बोलपत्र आह्वान मार्फत कार्यान्वयनमा लाने व्यवस्था मिलाएको छु ।

17.गाउँपालिकामा संचालन भएका विभिन्न खानेपानी योजनाको मर्मत सम्भार एवं तत्कालिन आवश्यकता पुरा गर्नुपर्ने खानेपानी योजना संचालनका लागि रु २० लाख वजेट विनियोजन गरेको छु ।

18. गाउँपालिकाका प्रत्येक वडाहरुमा पूर्ण सरसफाई कार्यक्रमका लागि रु ५ लाख बजेट व्यवस्था गरेको छु ।

**<u>ऊर्जा विकास</u>**

19.पेट्रोलियम पदार्थको प्रयोगलाई प्रतिस्थापन गर्न जल विधुत तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोग बढाउन जोड दिइएको छु । उज्यालो गाउँपालिका बनाउने हाम्रो सरकारको प्रतिवद्धतालाई पूरा गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सह-लगानीमा ऊर्जाको उत्पादन, वितरण र व्यवस्थापनमा जोड दिईनेछ ।जसका लागि रु ५ लाख बजेट बिनियोजन गरेको छु । यसमा अपुग हुने रकम केन्द्र सरकारको सशर्त अनुदान वापत प्राप्त हुने अनुदानको  उपयोग गरिनेछ ।

**<u>सिंचाइ भवन तथा शहरी विकास</u>**

20.भौतिक संरचनाको अभावमा गाउँपालिकाले प्रदान गर्ने सार्वजनिक सेवामा रहेको असहजता हटाउन आधुनिक सुविधा सहितको प्रशासकिय भवन निर्माण गर्नको लागि रु ७० लाख बजेट विनियोजन गरेको छु ।

21. कृषि उत्पादन बढाउन गाउँपालिका भित्रका सिंचाइ योजनाका लागि रु १० लाख विनियोजन गरेको छु ।

22.फुलङगिरीमा सुविधासम्पन्न एकिकृत वस्ती विकासको लागि विस्तृत अध्ययन प्रतिवेदन तयार पार्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**पर्यटन**

23.उच्च आर्थिक वृद्धि, उत्पादक, रोजगारी र आयको वितरणलाई तत्काल टेवा पुर्याउने प्रतिस्पर्धी क्षेत्रको रुपमा अथाह संभावना बोकेको पर्यटन क्षेत्रको विकासलाई मैले जोड दिएको छु । दुधपोखरी गाउँपालिकालाई आकर्षक, मनोरम र साहसिक पर्यटकीय गन्तव्यको रुपमा पहिचान स्थापित गराउन जोर्ने-ईलमपोखरी-लिपे हुँदै दुधपोखरी सम्म पुग्ने पदमार्ग निर्माण कार्य प्रारम्भ गर्न यो आ.व मा रु १० लाख बजेट विनियोजन गरेको छु ।

24.गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुको विस्तृत योजना प्रतिवेदन तयार गर्न समेत आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

25.साहसिक पर्यटन प्रबर्धन गर्न गाउँपालिकामा साइकिलिङ प्रतियोगिता गर्नको लागि आवश्यक भौतिक संरचना तयार गर्न रु १० लाख रकम विनियोजन गरेको छु ।

**कृषि तथा सहकारी क्षेत्र**

26.नागरिकको खाद्य अधिकार सुरक्षित गर्दै गरिवीको अन्त्य गर्न, ठुलो संख्यामा रहेका कृषक परिवारको आयस्तर वृद्धी गर्न तथा सवल अर्थतन्त्रको निर्माण गर्न कृषिको आधुनिकीकरण, विशिष्टीकरण र व्यवसायीकरण जरुरी छ । यसका लागि उन्नत

बीउविजन, मलखादको व्यवस्था तथा सिचाईको प्रवन्ध गर्दै उन्नत खेती र उच्च मूल्यका बालीको विकास गर्न रु ७ लाख अनुदान रकमको व्यवस्था गरेको छु ।

27.स्वदेशी श्रम, स्वदेशमै पसिनाको नीतिअनुसार "**हात हातमा कृषि सामग्रीः गाउँ गाउँमा रोजगारी"** अभियानका साथ कोभिड-१९ महामारीको कारण देश भित्रै रोजगारी गुमाएका र विश्वका विभिन्न भागबाट रोजगारी गुमाइ स्वदेश फर्किएका वा फर्कन चाहने नागरिकहरु लाई कृषि पेशामा आकर्षित गर्न कृषिको यान्त्रिकिकरणका लागि आवश्यक यन्त्र उपकरणहरु पावर टेलर, इलेक्ट्रीक मिलमा अनुदान, व्यवसायिक खेती गर्ने कृषकलाई उनीहरुको लगानी र उत्पादनका आधारमा अनुदान लगायतका कामको लागि रु ४७ लाख वजेट विनियोजन गरेको छु ।

28.पशुपालनको प्रचुर सम्भाव्यता रहेको यस गाउँपालिकामा कृषकलाई व्यवसायिक पशुपालन तर्फ आकर्षित गर्न भेडा, बाख्रा, भैंसी, कुखुरा, बंगुर लगायतका पशुपालन कार्यको लागि रु ८ लाख रकम अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

29.पशु खोर निर्माण तथा सुधार कार्यका लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

30. समग्रमा कृषि व्यवसाय र पशुपालन व्यवसाय मार्फत कोभिड-१९ महामारीको कारण सिर्जना हुन सक्ने वेरोजगारी समस्या समाधानका लागि गाउँपालिकाको कृषि र पशु शाखा लाई रु ९० लाख रकम विनियोजन गरेको छु ।

31.गरिबी निवारण कोषद्वारा प्रबद्धित गाउँपालिका भित्र रहेका सामुदायिक संस्थाहरुलाई सहकारी संस्थामा विकास गर्ने नीति लिएको छु । सहकारी क्षेत्रको नियमन र पुँजी परिचालनको माध्यमबाट सहकारी क्षेत्रलाई वित्तिय उत्प्रेरकका रुपमा विकास गरी स्थानीय अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु । गाउँपालिका भित्रका सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्न **"एक सहकारी एक उत्पादन कार्यक्रम"** का लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

## <u>वन, वातावरण र विपद व्यवस्थापन</u>

32.जनसाधारणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना बढाई भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग सम्वन्धी कार्यक्रमका संचालन आवश्यक वजेटको व्यवस्था गरेको छु ।

33. कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार एवम् भविष्यमा आउन सक्ने विभिन्न महामारी एवं विपदको नियन्त्रण तथा न्यूनीकरणका लागि प्रकोप व्यवस्थापन कोषमा रु ३० लाख वजेट विनीयोजन गरेको छु ।

**34. <u>शिक्षा,युवा तथा प्रविधि</u>**

35.आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा मैले सामाजिक रुपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिएको छु । शिक्षालाई प्राविधिक, व्यवसायिक तथा रोजगारमूलक बनाउँदै सक्षम, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति निर्माण गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

36.सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन गर्न आवश्यक वजेट विनियोजन गरेको छु । विद्यालयलाई दिइंदै आएको विद्यालय अनुदान रकमका लागि रु २३ लाख वजेट विनियोजन गरेको छु ।

37.आगामी आर्थिक वर्ष समेत अन्तर-माध्यमिक विद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन, आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन, विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप संचालन, अभिभावक शिक्षक कार्यक्रम, बाल सहजकर्ता तालिम, नेतृत्व विकास तालिम समेतका लागि गाउँपालिकाको शिक्षा शाखामा रु ३५ लाख बजेट विनियोजन गरेको छु ।

38.प्रारम्भिक वाल विकास केन्द्रका सहयोगी कार्यकर्तालाई मासिक थप रु १ हजार प्रोत्साहन भत्ता दिनका लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

39.सूचना, संचार र प्रविधिको विकास मार्फत विधुतीय शासनको दिशामा अगाडि बढ्ने नीति लिएको छु । गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा ईन्टरनेट व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**<u>स्वास्थ्य</u>**

40.विकासको साध्य र साधन दुवै नागरिकनै भएकाले सवै नागरिकलाई स्वस्थ बनाई उत्पादकत्व अभिवृद्धि गर्न र सवल मानव पुँजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिई वजेट विनियोजन गरेको छु ।

41.गाउँपालिका भित्रका स्वास्थ्य सेवा प्रदायक संस्थाबाट प्रदान गर्ने तोकिएका आधारभूत स्वास्थ्य सेवा भरपर्दो, सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यक्रमका लागि गाउँपालिकाको स्वास्थ्य शाखा लाई रु २३ लाख रकम विनियोजन गरेको छु ।

42.एम्बुलेन्स अभावमा नागरिकलाई परेको असुविधालाई मध्यनजर गरी यसै आ. व. मा एम्बुलेन्स खरिदको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

43.कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने रकम प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**<u>सामाजिक संरक्षण र नागरिक संरक्षण</u>**

44.आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरुमा सवै नागरिकहरुको पहुँचबाट सवल समाज निर्माण गर्न सामाजिक सुरक्षा भत्ता पाईरहेका विपन्न नागरिकलाई सम्मान तथा वस्तुगत सहायता वितरण, सुकुम्वासी व्यवस्थापन लगायतका कार्यक्रम संचालन गरी हाम्रो सरकारको जनतामाझ वलियो उपस्थिति देखाउन नमुनाका रुपमा **“गाउँपालिका अध्यक्ष सामाजिक संरक्षण, सुरक्षा तथा वचाउ" /SSP** कार्यक्रमका लागि रु ६ लाख विनियोजन गरेको छु ।

45.गाउँपालिकामा जेष्ठ नागरिहरुको अनुहारमा मुस्कान छर्ने सोच सहित **"उमेर सत्तरी कार्यक्रम"** संचालन गर्न रु ३ लाख वजेट विनियोजन गरेको छु ।

**संस्कृति**

46.गाउँपालिका भित्र रहेका प्राचीनकला, साहित्य र संस्कृति विशिष्ट पहिचानका रुपमा रहेका छन । यसर्थ सामाजिक र सांस्कृतिक रुपले हाम्रो समाज जीवित संग्रहालय हो । त्यसैले संस्कृतिको साझा सुन्दर फुलवारीको रुपमा रहेको हाम्रो समाजको तस्विर झल्काउन र अन्तर संस्कृतिको सम्मान गर्न गाउँपालिकामा सांस्कृतिक संग्राहालय स्थापना गर्नको लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

47.स्वस्थ र सभ्य संस्कृतिको विकास गरी समाजिक सु-सम्वन्धमा आधारित समाजको निर्माण गर्नका लागि ईलमपोखरी मेला प्रबर्धन कार्यक्रम अन्तर्गत रु ३ लाख बजेट बिनियोजन गरेको छु ।

**सुशासन र सार्वजनिक सेवा प्रवाह**

48.आगामी आर्थिक वर्ष २०७७/७८ देखि प्रविधिको उपयोग मार्फत आर्थिक कार्यप्रणाली र प्रशासनिक काम कारवाहीमा सुशासन कायम गर्नको लागि सफ्टवेर खरिदको लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

49. नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार संस्था संग सहलगानीमा गाउँपालिकाको पूर्वाधार विकासका लागि समपूरक कोषमा रु १ करोड २० लाख बजेटको व्यवस्था मिलाएको छु ।

50.पूर्वाधार निर्माणको कार्यलाई व्यवस्थित गर्न मर्मत सम्भार कोष स्थापनाको लागि रु १० लाख बजेट बिनियोजन गरेको छु ।

51.आगामी आर्थिक वर्ष २०७७/७८ मा विभिन्न विषय क्षेत्रगत आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा अनुमानित विनियोजन भएको वजेट अनुसूचीमा समावेश गरेको छु ।

सभाका अध्यक्ष महोदय,

गाउँसभाका सदस्यज्यूहरु,

अव म बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

52.आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु ३५ करोड ७९ लाख ३५ हजार रकम खर्च हुने अनुमान गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ रु २५ करोड ७८ लाख ३० हजार अर्थात् ७३ प्रतिशत र पुँजीगततर्फ रु ९ करोड ५६ लाख ५ हजार अर्थात् २७ प्रतिशत रहेको छ ।

53.आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (उपशिर्षकगत तथा खर्च शीर्षकगत समेत) गाउँपालिकाको विनियोजन विधेयक, २०७७ संगै पेश गरेको छु ।

54.आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु  ६ करोड ७२ लाख, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व वाँडफाँड रु ५ करोड ३९ लाख ५५ हजार ३ सय ४५, सशर्त अनुदान रु.१३ करोड ८८ लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु १ करोड २१ लाख २६ हजार, प्रदेश राजश्व वाँडफाँड रु २४ लाख २४ हजार, आन्तरिक राजस्वबाट प्राप्त हुने रु ३० लाख व्यहोर्दा रु २ करोड ९६ लाख ३० हजार ६ सय ५५ न्यून हुनेछ । सो न्यून पूर्ति गर्न चालु आर्थिक वर्षको असार मसान्तसम्म खर्च भई बाँकी रहने अनुमानित  नगद मौज्दात रु २ करोड ९६ लाख ३० हजार ६ सय ५५ उपयोग गरिनेछ ।

सभाका अध्यक्ष महोदय,

सभाका सदस्यज्यूहरु,

अव म आर्थिक वर्ष २०७७/७८ को लागि राजस्वका नीति प्रस्तुत गर्न चाहन्छु,

55.स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिएको छु ।

56. कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गरिनेछ । कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छु ।
57. आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिक मैत्री कर प्रणाली विकसित गरिनेछ ।
58. गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएकाहरुको परिचयपत्र सम्वन्धी, आर्थिक रुपमा विपन्नहरुको निशुल्क उपचार सम्वन्धी तथा प्राकृतिक प्रकोप सम्वन्धी सिफारिश दस्तुर छुट गरिनेछ ।
59. रोडा, ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा लगायतका दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी ग-४-२ बाँडफाँट खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
60. गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यवसायलाई करको दायरामा ल्याईनेछ ।
61. कर सम्वन्धी प्रस्ताव आर्थिक विधेयक,२०७७ यसै साथ प्रस्तुत गरेको छु । कर सम्वन्धी प्रस्ताव सम्वत २०७७ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएको छु ।

सभाका अध्यक्ष महोदय,

सभाका सदस्यज्यहरु,

62.यो बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रुपमा स्थापित गरी स्वशासन र जनताप्रति पूर्ण जिम्मेवारपूर्वक भूमिका निर्वाह गर्ने कार्यमा हाम्रो सरकार पूर्ण प्रतिवद्ध छ ।

63.यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष, गाउँसभाका सदस्यहरु, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाजका व्यक्तित्वहरु तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु ।

64.यो बजेटको सफल कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु । साथै, मुलुक भित्र र वाहिर रहनु भएका सवै नेपालीलाई **"समृद्ध दुधपोखरी, सुखी दुधपोखरीबासी"** निर्माणको हाम्रो सरकारको महान यात्रामा सहभागी हुन आव्हान गर्दछु ।

धन्यवाद!

जय दुधपोखरीवासी!

जय दुधपोखरी गाउँपालिका!

कमल प्रसाद धिताल

दुधपोखरी गाउँपालिका